# धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ७ (सात) दिने सार्वजनिक सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०७९/०३/२०)

यस विकास बैंकको निम्न शाखाहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले तपसिलमा उल्लेखित चल-अचल सम्पत्तिहरु सुरक्षण बापत धितो राखी कर्जा लिनुभएकोमा म्याद भित्र कर्जाको तिर्न बुझाउनु पर्ने सांवा, व्याज तथा हर्जना रकमहरु तिर्न बुझाउनको लागि यस बैंकबाट पटक-पटक मौखिक तथा लिखत रुपमा तरताकेता गर्दा समेत तपाई ऋणी तथा जमानतकर्ताहरुले सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता रकम चुक्ता फर्‍चौट गर्ने तर्फ कुनै चासो समेत नदेखाउनु भएकोले बैंकको चरिकोट शाखाले मिति २०७८/१०/०३ गतेका दिन कारोबार राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ (पैंतिस) दिने सार्वजनिक सूचना एवं मिति २०७८/१२/०१ गतेको दिन कारोबार राष्ट्रिय दैनिक पत्रिका मार्फत १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको साथै बैंकको पालुङ शाखाले मिति २०७८/१०/०३ गतेका दिन कारोबार राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ (पैंतिस) दिने सार्वजनिक सूचना एवं मिति २०७८/११/१७ गतेका दिन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी सम्बन्धी १५ दिने गोप्य शिलबन्दी आव्हान गरिएकोमा समेत तपाई ऋणीहरुबाट कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाएकोले यो धितो लिलाम सम्बन्धी दोश्रो पटक ७ (सात) दिने गोप्य शिलबन्दी बोलपत्र आहवान गरिएको छ । अतः उक्त ऋण कर्जाको सम्पूर्ण वक्यौता रकम तथा अन्य दैदस्तुर समेत चुक्ता भुक्तानी हुने मितिसम्मको व्याज, हर्जना रकम समेत फर्स्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यो धितो लिलामको सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रै तपसिलका ऋणीहरुले अबिलम्ब यस बैंकमा सम्पर्क राखी उक्त ऋण कर्जाका सम्पूर्ण वक्यौता रकम चुक्ता भुक्तानी गरि गराई सुरक्षणमा राखिएको आफ्नो सम्पत्तिहरुको संरक्षण गर्नु हुन समेत यस सूचनाबाट अनुरोध गरिएको छ । यो सूचना समेतको बेवास्ता गरी उल्लिखित समयावधि भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फर्‍चौट नगर्नु भएको खण्डमा तपाईँ ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराइने, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानुन बमोजिम यो सूचना प्रकाशित भएको मितिले ८औं (आठौं) दिनमा धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्तिहरु उल्लेखित समय, स्थानमा लिलाम बिक्री गरिने हुंदा इच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरी लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानुन बमोजिम अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालयः चरिकोट**

| ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|
| १. **आरोन मेशिनरी एण्ड हार्डवेयर**<br>ठेगानाः भिमेश्वर न.पा. वार्ड नं. १० दोलखा<br>दर्ता नं.: १०२१/०७१/०७२<br>स्थायी लेखा नं. ६०२५९६३३२<br>*अधिकार प्राप्त व्यक्तिको नाम :*<br>**रमा शिवाकोटी खनाल**<br><br>बुबा : श्रीराम खनाल<br>ससुरा : विरध्वज शिवाकोटि<br>पति : हरि बहादुर शिवाकोटी<br>ठेगाना : सुस्पा क्षमावती-०१, दोलखा<br>ना.प्र.नं.: २२१०१५-५७, दोलखा<br><br>२. **हरि बहादुर शिवाकोटी**<br><br>बुबा : विरध्वज शिवाकोटी<br>बाजे : रणसुर शिवाकोटी<br>ठेगाना : सुस्पा क्षमावती-०१, दोलखा<br>ना.प्र.नं. : ६३-१९१५, दोलखा | १. रणसुर शिवाकोटिको नाति, विरध्वज शिवाकोटीको छोरा, दोलखा जिल्ला भिमेश्वर न.पा. वडा नं. ०३ बस्ने हरि बहादुर शिवाकोटीको नाममा मालपोत कार्यालय चरिकोटमा दर्ता कायमा रहेका दोलखा जिल्ला सुस्पा क्षमावती गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७६४ र ७६७ को क्षेत्रफल क्रमशः ५२५३ व.मि. र ४१७० व.मि. साथै सो-जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ............... ।<br>२. यातायात व्यवस्था कार्यालय एकान्तकुना ललितपुरमा सिन्धु विकास बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको ऋणी हरि बहादुर सिवाकोटी रहेको च्यासिस नं. MEC0523AMGP018001, इन्जिन नं. 400921P0012513, मोडेल BHARATBENZ 1214R भएको सवारी दर्ता नं. ना. ७ ख ४५७६ को भाडा ट्रक थान १............................ । |
| **ब्यक्तिगत जमानी दिनुहुने :** | |
| १. **रमा शिवाकोटी खनाल**<br><br>बुबा : श्रीराम खनाल<br>ससुरा : विरध्वज शिवाकोटि<br>पति : हरि बहादुर शिवाकोटी<br>ठेगाना : सुस्पा क्षमावती-०१, दोलखा<br>ना.प्र.नं.: २२१०१५-५७, दोलखा | २. **हरि बहादुर शिवाकोटी**<br><br>बुबा : विरध्वज शिवाकोटी<br>बाजे : रणसुर शिवाकोटी<br>ठेगाना : सुस्पा क्षमावती-०१, दोलखा<br>ना.प्र.नं. : ६३-१९१५, दोलखा |

**शाखा कार्यालयः पालुङ**

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| ऋणी : **राज एण्ड कुमार टेर्लस,** थाहा-०३, मकवानपुर<br>दर्ता नं.७० १६ २०७५ २०७६<br>पान नं.६०६२८५०४३<br>*अधिकार प्राप्त व्यक्तिको नाम :* **कुमार नेपाली**<br><br>बाबु : काले नेपाली<br>बाजे : बाबु राम नेपाली<br>ठेगाना : दामन गा.वि.स. वडा नं.४, मकवानपुर (हाल थाहा न.पा.-०३)<br>ना.प्र.नं. १/३२५, जारी मिति : २०५९/०५/२७ | सावित्री नेपालीको नाममा शिखरकोट मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट-०६ (हाल थाहा नगरपालिका वडा ०३) स्थित कित्ता नं. १५० को क्षेत्रफल ०-१४-१-० (चौध आना एक पैसा) को जग्गा साथै सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| **ब्यक्तिगत धनजमानी दिनेहरुः** | |
| क) नाम : **मुना नेपाली**<br><br>बाबु : भुवान नेपाली<br>ससुरा : काले नेपाली<br>ठेगाना : दामन गा.वि.स. वडा नं.४, मकवानपुर (हाल थाहा न.पा.-०३)<br>ना.प्र.नं. ३१३०३७/३४९,<br>जारी मिति : २०६३/१०/१२ | ख) नाम : **सर्मिला नेपाली**<br><br>बाबु : अमृत बहादुर सुनाम<br>ससुरा : काले नेपाली<br>ठेगाना : दामन गा.वि.स. वडा नं.४, मकवानपुर हाल थाहा न.पा.-०३)<br>ना.प्र.नं. : ३११०३७/८९६८२<br>जारी मिति : २०६८/०७/२८ |
| ग) नाम : **सावित्री नेपाली**<br><br>बाबु : गोरे परियार<br>ससुरा : बाबु राम नेपाली<br>ठेगाना : दामन गा.वि.स. वडा नं.४, मकवानपुर (हाल थाहा न.पा.-०३)<br>ना.प्र.नं. ४०/६५७<br>जारी मिति : २०५२/१०/२३ | घ) नाम : **मिलन नेपाली**<br><br>बाबु : काले नेपाली<br>बाजे : बाबु राम नेपाली<br>ठेगाना : दामन गा.वि.स. वडा नं.४, मकवानपुर (हाल थाहा न.पा.-०३)<br>ना.प्र.नं. २४/१८१६५<br>जारी मिति : २०६१/०८/१६ |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः**

१. बोलपत्र आबेदन फारम यस बैंकको कर्पोरेट कार्यालय, बनेपा तथा शाखा कार्यालय चरिकोट र पालुङबाट रु.१००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ साथै शिलबन्दी बोलपत्रहरु बैंकको सम्बन्धित शाखाहरुमा मिति २०७९/०३/२६ गते आइतबार दिनको ठिक ३:०० बजेसम्ममा पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लेखित सम्पत्तिहरु जंहा जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. आफूले बोलकबोल गरेको सम्पत्तिको बिवरण स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
५. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैंकको खाता नं."९४६४६६५०१" मा नगद जम्मा गरिएको भौचर वा बैंकको नाममा खिचिएको "Good For Payment" चेक वा ड्राफ्ट शिलबन्दी बोलपत्रको साथै पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था, भएमा फर्म दर्ता प्रमाणपत्र, PAN दर्ता तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
७. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोल्ने कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
८. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस बैंकको सम्बन्धित शाखाहरुमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ ।
९. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
१०. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रष्ट्रिेशन दस्तुर, सम्पत्ति कर तथा अन्य शुल्क इत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
११. बोलपत्र दाखिल भईसकेपछी बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन तथा धरौटी रकममा कुनै व्याज प्रदान गरिने छैन ।
१२. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।
१३. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
१४. बोलपत्र सदरबदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी बिना व्याज धरौटी रकम फिर्ता दिइनेछ ।
१५. लिलाम बिक्री गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले दिएको अधिकार प्रयोग गरी यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजाने भन्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
१६. बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ८औं (आठौं) दिनको दिन अर्थात मिति २०७९/०३/२७ गते सोमबारका दिन (सो दिन सार्वजनिक बिदा भयेमा सो को भोलीपल्ट) दिनको ३:०० बजे बैंकको सम्बन्धित शाखा कार्यालयमा खोलिनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७९/०३/२६ गते आइतबार दिनको ठिक ३:०० बजेसम्म, बैंकको सम्बन्धित शाखाहरुमा ।**
**शिलबन्दी बोलपत्र खोल्ने मिति : २०७९/०३/२७ गते सोमबारका दिन (सो दिन सार्वजनिक बिदा भएमा सो को भोलीपल्ट) दिनको ३:०० बजे, बैंकको सम्बन्धित शाखाहरुमा ।**

**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
प्रधान कार्यालय : बाह्रबिसे-१, सिन्धुपाल्चोक
कर्पोरेट कार्यालय : बनेपा, काभ्रेपलाञ्चोक
फोनः ०११-६६२३४०/४१/५१, टोल फ्रि नं. १६६०११२२०१०
शाखा कार्यालय : चरिकोट, दोलखा, फोनः ०४९-२११९७९
URL:www.sindhubank.com.np